# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ २५ गते २०११ साल

## भाग ३

### उद्योग वाणिज्य तथा खाद्यमन्त्रालयको सूचना

३. ए. जी. ११ १७।२।०११

भैरहेको इश्तिहारबमोजिम एजेन्सी डिस्ट्रिव्यूटरशिप लिनेहरूले आफूले पाएको एजेन्सी डिस्ट्रिव्यूटरशिपको स्वीकृति सम्बन्धित विभागबाट लिनुपर्नेमा धेरैजसोले सोबमोजिम स्वीकृति नलिएको बुझिएकोले फेरि यो सूचना जारी गरिएको छ र एजेन्सी डिस्ट्रिव्यूटरशिप लिराखेको तथा अब लिने व्यक्ति, फर्म, कम्पनीहरूले विभागीय स्वीकृतिको निमित्त आफूले एजेन्सी डिस्ट्रिव्यूटरशिप प्राप्त गरेका मालको नामसहित कुन इलाकाको निमित्त सो पाएको हो, सोसमेत खुलाई उद्योग विभागमा दरखास्त दिनुपर्छ । उक्त दरखास्तमा आफूले पाउने कमिशन रिबेट मुनाफा तथा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य शर्त सुविधाहरू स्पष्ट लेखिनुपर्छ। साथै कम्पनीसँग भएको एग्रीमेन्टको सक्कल नक्कल दुवैप्रति पनि खामिनुपर्छ। माथि लेखिएबमोजिम दरखास्त दिंदा एजेन्सी लिराखेको, तर उद्योग विभागको स्वीकृति भने ली नसकेकाहरूले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र सदरकाले र बाटोको म्यादबाहेक ३५ दिनभित्र मोफसलकाले र नयाँ एजेन्सी डिस्ट्रिब्यूटरशिप इत्यादि लिनेहरूले आफू एजेन्ट डिष्ट्रिब्यूटर मुकरर भएको २१ दिनभित्र सो दाखिल गरिसक्नुपर्छ। रीतपूर्वकको दरखास्त प्राप्त भएपछि उद्योग विभागबाट प्रमाणपत्र दिने प्रबन्ध गरिएको छ। उद्योग विभागबाट इंजाजत पाई सकेका एजेन्ट डिस्ट्रिब्यूटर रिप्रिजेन्टेटिब स्टकिष्टहरूले पनि एग्रीमेन्टबमोजिम आफूले एजेन्सी इत्यादि पाएका मालको मोल र त्यसमा पाएको कमिशन मुनाफा रिबेट तथा अन्य सुबिधाहरू हेरफेर भएको या नभएको समेत स्पष्टतया अवगत गरी दरखास्त पेश गरेर प्रमाणपत्र लिनुपर्छ। विभागीय स्वीकृतिविना एजेन्सी डिस्ट्रिब्यूटरशिप इत्यादि लिराखेकाहरूले विभागको आदेश नियम उल्लंघन भएको संभि ऐन सवालबमोजिम सजाय गरिनेछ। उपर्युक्त ईस्तिहारबमोजिम उद्योग बिभागमा रजिष्टर भएको कम्पनी फर्महरूको कामको बिज्ञापन सूचना प्रकाश गर्दा तथा साइनबोर्ड राख्दा विभागीय स्वीकृति लिनुपर्नेमा हाल सो लिन कर लाग्नेछैन। प्रेस कानुन र अरू भैरहेको नियमको परिधिमा रही आफ्नो जवाफदेहीमा जोसुकैले पनि बिज्ञापन सूचना प्रकाश गर्न र साइनबोर्ड राख्न हुने हुनाले सूचित गरिएको छ।

आज्ञाले—

नीरराज राजभण्डारी,

सेक्रेटरी — उद्योग वाणिज्य तथा खाद्य मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रीत

3010

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।